# त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र सङ्काय

# खुला तथा दूर सिकाइ कार्यविधि २०७५

**पारित मिति** : २०७६/२/१५
(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. २४७२)

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**
**२०८०**

# त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र सङ्काय

# खुला तथा दूर सिकाइ कार्यविधि, २०७५

## प्रस्तावना

विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) को प्रतिवेदनले माध्यमिक विद्यालय तहमा अध्यापन गर्ने शिक्षकहरूको शैक्षिक योग्यता स्नातकोत्तर तह हुनु पर्ने कुरा सिफारिस गरेको छ तर शिक्षाशास्त्रमा स्नातक तह मात्र पुरा गरी माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरूको सङ्ख्या करिब १३००० भएको अनुमान गरिएको छ । यसबाट माध्यमिक तह हासिल गरेका शिक्षकहरूको उन्नयनको अत्यावश्यक भएको देखाउँदछ । सो आवश्यकता तत्काल पुरा गर्न सक्ने स्थिति देखिँदैन । किनभने हाल विद्यालयमा कार्यरत शिक्षकहरू विद्यालय छाडेर आफ्नो शैक्षिक योग्यता वृद्धि गर्न स्नातकोत्तर तहमा भर्ना भई नियममित रूपमा अध्ययन गरी समयमै सो तह पुरा गर्न सक्ने अवस्था छैन र सरकार पनि उनीहरूलाई अध्ययन विदा उपलब्ध गराउन सक्ने स्थितिमा देखिदैन । त्यसै गरी दुर्गम क्षेत्रका व्यक्तिहरू, महिला, गरिब तथा सीमाङ्कृत सबैले उच्च शिक्षाको अवसर पाउने अधिकार छ तर अहिले सञ्चालन भइरहेको नियमित शैक्षिक पद्धतिले मात्र त्यस्ता व्यक्तिहरूलाई उच्च शिक्षा हासिल गराउन सम्भव नभएकाले त्रिभुवन विश्वविद्यालयमा पनि नियमित र खुला तथा दूर शिक्षा दुबै प्रकृतिका शिक्षा प्रणाली सञ्चालन गर्नु पर्ने अवधारणा आएको हो । यसरी खुला तथा दूर शिक्षालाई राष्ट्रिय तथा परिवर्तित आवश्यकताका रूपमा अङ्गीकार गरिएको छ ।

त्रिवि, शिक्षाशास्त्र सङकायले खुला तथा दूर सिकाइ कार्यक्रमलाई शिक्षकहरूको शैक्षिक योग्यता अभिवृद्धि गर्न एउटा महत्वपूर्ण विकल्पको रूपमा मनन गरी राष्ट्रिय शैक्षिक जनशक्ति केन्द्र र फिनलैन्ड सरकारको सहयोगबाट केही पूर्वाधारको व्यवस्था गरी करिब ७४ जना शिक्षकहरूलाई खुला तथा दूर शिक्षा योजना, शिक्षण विधि, सूचना संचार तथा प्रविधि तथा यसको कार्यान्वयनबारे तालिम समेत दिई शिक्षाशास्त्र सङ्कायका आङ्गीक क्याम्पसहरूमध्ये आइ.सि.टी.मा बी.एड कार्यक्रम सञ्चालन भइरहेका ६ वटा क्याम्पसहरू : १) डडेलधुरा क्याम्पस, डडेलधुरा, २) सुर्खेत शिक्षा क्याम्पस, सुर्खेत, ३) बुटवल बहुमखी क्याम्पस, बुटवल, ४) सूर्य नारायण सत्य नारायण मर्वेता यादव बहुमुखी क्याम्पस, सिराहा, ५) गोरखा क्याम्पस, गोरखा र ६) सानोठिमी क्याम्पस, सानोठिमीमा स्नातकोत्तर तहमा पाठ्यक्रम तथा मूल्याङ्कन, स्वास्थ्य शिक्षा र नेपाली भाषा शिक्षा विशिष्टीकरण विषयहरूमा २०७१ देखि खुला तथा दूर सिकाइको माध्यमबाट पाइलट कार्यक्रमको रूपमा सञ्चालन गरिएको छ । त्यसै गरी माध्यमिक विद्यालयमा केही अनिवार्य विषयहरू जस्तै; विज्ञान, गणित र सामाजिक शिक्षा विषयहरुमा तालिम प्राप्त शिक्षहरूको अति माग भएकाले फिनलैन्ड सरकारको सहयोगमा विज्ञान विषयमा एक बर्से स्नाकोत्तर र गणित तथा सामाजिक शिक्षा विषयमा सेमेस्टरमा आधारित एक बर्से स्नातक (पोस्ट ग्राजुयट) कार्यक्रम सञ्चालनका निमित्त पूर्वाधारहरू तयार गर्दै गरेको र हाल करिब पुरा हुने अवस्थामा छ । यस क्रममा त्रिवि प्राज्ञिक परिषद्ले पाठ्यक्रम स्वीकृत गरेपछि २०७६ श्रावणदेखि उक्त कार्यक्रम सञ्चालनका निमित्त विद्यार्थी भर्ना लिने योजना रहेको छ ।

खुला तथा दूर सिकाइ पद्धति नियमित रूपमा अध्ययन अध्यापन हुने कार्यक्रमभन्दा पृथक भएकाले यस पद्धतिबाट शैक्षिक कार्यक्रम सञ्चालन गर्नका निमित्त विशिष्ट खालको एउटा कार्यविधि आवश्यक पर्दछ । विद्यार्थी भर्नादेखि शिक्षकको व्यवस्था, सूचना सञ्चार तथा प्रविधिको व्यवस्था, परीक्षा सञ्चालन, विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्रको व्यवस्था आदि कुराहरूमा सम्बद्ध पक्ष अन्योलमा

नपरुन र यसका आधारमा डिन कार्यालय र क्याम्पसहरूले अझ स्पष्ट कार्यक्रम बनाई प्रभावकारी रूपमा सञ्चालन गरुन भन्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको हो, जसलाई विभिन्न परिच्छेद तथा बुँदाहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १.१ कार्यक्रमको संक्षिप्त नाम

यो कार्यविधिको नाम त्रिवि, शिक्षाशास्त्र सङ्काय खुला तथा दूर सिकाइ कार्यविधि २०७५ रहेको छ । यो कार्यविधि त्रिवि कार्यकारी परिषद्ले स्वीकृत गरेको मितिदेखि लागु हुने छ ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएका महत्वपूर्ण शब्दहरूलाई तपसिल बमोजिम परिभाषित गरिएको छ :

क) विश्वविद्यालय भन्नाले त्रिभुवन विश्वविद्यालय (त्रिवि)सम्झनु पर्दछ ।

ख) कार्यकारी परिषद् भन्नाले त्रिवि कार्यकारी परिषद् सम्झनु पर्दछ ।

ग) सङ्काय भन्नाले त्रिवि अन्तर्गतका शिक्षाशास्त्र सङ्काय सम्झनु पर्दछ ।

घ) डिन भन्नाले शिक्षाशास्त्र सङायका डिन सम्झनु पर्दछ ।

ङ) सहायक डिन भन्नाले शिक्षाशास्त्र सङ्कायका सहायक डिन सम्झनु पर्दछ ।

च) कार्यक्रम संयोजक भन्नाले खुला तथा दूर सिकाइका संयोजक सम्झनु पर्दछ ।

छ) शिक्षक भन्नाले खुला तथा दूर सिकाइ कार्यक्रममा संलग्न प्राध्यापक वा शिक्षकलाई सम्झनु पर्दछ ।

ज) सूचना सञ्चार प्रविधि विज्ञ भन्नाले खुला तथा दूर सिकाइ सञ्चालन गर्न सोको व्यवस्था गर्ने र अनलाइन कक्षा सञ्चालन कार्यलाई सहज बनाउन खटिइएका विज्ञलाई सम्झनु पर्दछ ।

झ) खुला तथा दूर सिकाइ कार्यक्रम व्यवस्थापन समिति भन्नाले शिक्षाशास्त्र सङ्काय, डिन कार्यलय अन्तर्गत गठित समितिलाई सम्झनु पर्दछ ।

ञ) सदस्य भन्नाले खुला तथा दूर सिकाइ कार्यक्रम व्यवस्थापन समितिका सदस्यहरूलाई सम्झनु पर्दछ

ट) मिश्रित प्रणाली भन्नाले अनलाइन र प्रत्यक्ष रूपमा सञ्चालन हुने शैक्षिक पद्धतिलाई सम्झनु पर्दछ ।

ठ) विद्यार्थी भन्नाले शिक्षाशास्त्र सङ्कायद्वारा सञ्चालित खुला तथा दूर सिकाइ कार्यक्रमका सहभागीलाई सम्झनु पर्दछ ।

ड) अङ्ग्रेजीमा खुला तथा दूर सिकाइ कार्यक्रमलाई Open and Distance Learning

Programme भनिने छ ।

## १.३ खुला तथा दूर सिकाइका विशेषता

क) उच्च तथा अत्याधुनिक सूचना प्रविधि तथा शिक्षण विधिको प्रयोग

ख) जी.पी.एस् विधिद्वारा निरन्तर मूल्याङ्कन

ग) द्रुत रूपमा अन्तिम परीक्षा नतिजा प्रकाशन

घ) पेसामा संलग्न, दूर दराजमा रहेका, गृहणी तथा सीमाङ्कित अवस्थामा रहेकालाई पनि उच्च शिक्षा हासिल गर्ने अवसर

ङ) भौगोलिक कठिनाइका कारण सहज भर्ना भई प्रत्यक्ष सम्पर्क कक्षामा बाहेक घरमै बसी उच्च शिक्षा हासिल गर्ने अवसर

च) तालिम विना विद्यालयमा शिक्षण पेसामा संलग्न शिक्षकहरूलाई घर छाड्न नपर्ने गरी वा विदा लिन नपर्ने गरी उच्च शिक्षा तथा तालिम हासिल गरी पदोन्नतिको अवसर छ ।

## १.४ खुला तथा दूर सिकाइ कार्यक्रमका लक्ष्य तथा उद्देश्यहरू

क) शिक्षाशास्त्र बाहेक अन्य विधामा स्नातक तह हासिल गरेका शिक्षक वा शिक्षक बन्न चाहने व्यक्तिहरूलाई एक बर्से बिएड तह हासिल गर्ने अवसर प्रदान गर्नु ।

ख) शिक्षाशास्त्र बाहेक अन्य विधामा स्नातकोत्तर तह हासिल गरेका शिक्षक वा शिक्षक बन्न चाहने व्यक्तिहरूलाई एक बर्से एमएड तह हासिल गर्ने अवसर प्रदान गर्नु ।

ग) खुला तथा दूर शिक्षाका माध्यमबाट माध्यमिक तहका निमित्त योग्य शिक्षकहरू उत्पादन गर्नु ।

घ) पठनपाठनको अलावा अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन गर्नु ।

ङ) खुला तथा दूर सिकाइको माध्यमबाट एक बर्से स्नातक र स्नातकोत्तर तह तथा दुई बर्से स्नातकोत्तर तहमा विभिन्न विषयहरूको पठनपाठन सञ्चालन गर्ने र विभिन्न विषयहरू बिस्तार गर्दै जानु ।

च) खुला तथा दूर सिकाइलाई शिक्षाशास्त्र सङ्काय डिन कार्यालयको मातहतमा एउटा केन्द्रमा वा क्याम्पसहरूमा आवश्यक पूर्वाधार तयार पारी कार्यक्रम सञ्चालन गर्नु ।

# परिच्छेद २

## खुला तथा दूर सिकाइ कार्यक्रम व्यवस्थापन समितिको गठन

त्रिवि, शिक्षाशास्त्र सङ्कायद्वारा सञ्चालन हुने खुला तथा दूर सिकाइ कार्यक्रमलाई समय सापेक्ष र आकर्षक बनाई राष्ट्रिय आवश्यकता पुरा गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्ने सक्षम जनशक्ति उत्पादन गर्ने उद्देश्यले यस खुला तथा दूर सिकाइ व्यवस्थापन समिति स्थापना गरिने

छ ।

क) यस खुला तथा दूर सिकाइ कार्यक्रम व्यवस्थापन समिति शिक्षाशास्त्र सङ्कायको एक मुख्य कार्यक्रमको रूपमा रहने छ ।

ख) खुला तथा दूर सिकाइ कार्यक्रम व्यस्थापन समिति नाफा कमाउने उद्देश्यबाट सञ्चालन नभई सक्षम जनशक्ति उत्पादन गर्ने समितिको रूपमा स्थापित हुने छ ।

ग) खुला तथा दूर सिकाइ कार्यक्रम व्यवस्थापन समिति शिक्षाशास्त्र सङ्काय डिन कार्यालयद्वारा गठन हुने छ । सोको जानकारी त्रिविका सम्बन्धित पक्षलाई गराइने छ ।

घ) खुला तथा दूर सिकाइ कार्यक्रमको सञ्चालन व्यवस्थापन समितिबाट हुने छ ।

खुला तथा दूर सिकाइ कार्यक्रम व्यवस्थापन समिति तपसिल बमोजिमको ९ सदस्यीय हुने छ :

| | | |
|---|---|---|
| क) डिन | १ जना | अध्यक्ष |
| ख) शिक्षाशास्त्र डिन कार्यलयका कुनै सहायक डिन | १ जना | सदस्य |
| ग) विषय समितिका अध्यक्षहरूमध्ये बाट बढीमा २ | २ जना | सदस्य |
| घ) खुला तथा दूर शिक्षा केन्द्रका निर्देशक | (पदेन) १ जना | सदस्य |
| ङ) शिक्षा मन्त्रालयका विज्ञ (ICT / Education हेर्ने) | १ जना | सदस्य |
| च) क्याम्पस प्रमुखहरूमध्ये | १ जना | सदस्य |
| छ) सम्बन्धित विषय शिक्षकहरूमध्येबाट | १ जना | सदस्य |
| ज) खुला तथा दूर सिकाइ कार्यक्रमका संयोजक (पदेन) | १ जना | सदस्य सचिव |

पदेन बाहेक सबै सदस्यको नियुक्ति डिनबाट हुने छ । व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार डिनले आमन्त्रित गर्न सक्ने छन् ।

## २.६ व्यवस्थापन समितिको कार्य, कर्तव्य र अधिकार

क) खुला तथा दूर सिकाइ कार्यक्रमको नीति, नियम तथा शैक्षिक कार्यक्रम तर्जुमा गरी बजेट तयार गर्ने,

ख) कार्यक्रमको गुण स्तरीयता कायम गर्न अनुगमन गरी कार्यक्रमलाई प्रभावकारी बनाउन सुझाव दिने तथा आवश्यक प्रबन्ध गर्ने,

ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक सहजीकरण गर्ने,

घ) शैक्षिक, प्रशासनिक र आर्थिक र परीक्षा सम्बन्धी निर्णयहरूको कार्यान्वयनका लागि डिन कार्यालयमा सिफारिस गर्ने,

ङ) खुला तथा दूर सिकाइलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न निर्देशन दिने ।

## पच्छिेद ३

## कार्यक्रम संयोजक, शिक्षक र कर्मचारीहरूको व्यवस्था

### ३.१ संयोजकको नियुक्ति

क) शिक्षाशास्त्र सङ्कायमा १० वर्षदेखि स्थायी सेवामा कार्यरत प्राध्यापक वा विद्यावारिधि गरेका कम्तीमा सह प्राध्यापकरूमध्ये बाट एक जनालाई सङ्कायका डिनले पूर्णकालिन संयोजकको रूपमा नियुक्त गर्ने छन् । यसको जानकारी त्रिविका सम्बद्ध पक्षलाई गराइने छ ।

ख) आवश्यक ठानेमा पुनः एक पटकका लागि डिनले संयोजक  नियुक्त गर्न यस नियमले बाधा पुऱ्याउने छैन ।

ग) संयोजकको कार्य अवधि ४ वर्षको हुने छ ।

घ) संयोजक कार्यक्रमको पूर्ण आधिकारिक व्यक्ति हुने छ ।

### ३.२ शिक्षक र कर्मचारीहरूको व्यवस्था

क) कम्तीमा पनि एमएड तह हासिल गरी ५ वर्ष शिक्षण गरेका, खुला तथा दूर शिक्षणमा अनुभव भएका वा तालिम प्राप्त शिक्षकहरू मध्येबाट यस कार्यक्रमका लागि आंशिक शिक्षकको रूपमा खटाउने व्यवस्था त्रिविको नियमानुसार हुने छ ।

ख) खुला तथा दूर शिक्षणमा अनुभव भएका सूचना सञ्चार तथा प्राविधिज्ञको व्यवस्था त्रिविको नियम अनुसार डिन कार्यालयले गर्ने ।

ग) आवश्यक प्रशासनिक कर्मचारीहरूको व्यवस्था त्रिविको नियम अनुसार डिन कार्यालयले गर्ने ।

घ) आवश्यक लेखा कर्मचारीको व्यवस्था त्रिविको नियम अनुसार डिन कार्यालयले गर्ने ।

## परिच्छेद ४

## पाठ्यक्रम

### ४.१ पाठ्यक्रम

त्रिविबाट स्वीकृत पाठ्यक्रम नियम बमोजिम समय सापेक्ष परिवर्तन गर्न सकिने छ। साथै आवश्यकता बमोजिम अरू विषयहरूमा पनि खुला तथा दूर सिकाइका माध्यमबाट एक बर्से स्नातक र स्नातकोत्तर तहका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

### ४.२ मूडलको व्यवस्था

प्रत्येक विषयका पाठ्यक्रमलाई पाठ्यक्रम निर्माता र सूचना संचार तथा प्राविधिज्ञले मुडलमा राख्ने छन् ।

### ४.३ स्वाध्ययन सामग्री

पाठ्यक्रम अनुसार सबै विषयहरूका स्वाध्ययन सामग्रीहरू मुद्रण वा अनलाइनमा तयार गरी वितरण गरिने छ जसमा पाठ्यक्रमको परिचय, उद्देश्य, विषय वस्तुहरू, अध्ययन गर्ने तरिका, सम्बन्धित सामग्रीहरू, निर्देशन, प्रश्नका जवाफ, सामग्रीका स्रोत, अभ्यास आदि समावेश गरिएको हुन्छ ।

## परिच्छेद ५

## पूर्वाधारको व्यवस्था

यस खुला तथा दूर सिकाइ पद्धति कार्यक्रम सञ्चालनका निमित्त विभिन्न प्रकारका मानव तथा भौतिक पूर्वाधार र संसाधनको आवश्यक पर्दछ । हालको निमित्त निम्न प्रकारका संसाधनहरूको व्यवस्था गरिने छ र जसलाई आवश्यकता बमोजिम भविष्यमा थपघट गर्दै लगिने छ ।

क) पाठ्यक्रम

ख) अनलाइन पाठ्यक्रम वा मूडल

ग) स्वाध्ययन सिकाइ सामग्री (एसएलएम) र कम्पेडियम

घ) इन्टरनेट एवं वेभसाइट

ङ) सूचना, सञ्चार तथा प्रविधि प्रयोगशाला

च) सन्दर्भ सामग्रीहरू र श्रव्यदृश्य सामग्री

छ) पुस्तकालय र ई पुस्तकालय

## परिच्छेद ६

## आर्थिक पक्ष

### ६.१ शुल्क निर्धारण

भर्ना फाराम, प्रवेश परीक्षा, भर्ना, शिक्षण, परीक्षा पुस्तकालय, आइसीटी प्रयोगशाला, धरौटी, प्रत्यक्ष सम्पर्क कक्षा, अध्ययन सामग्री शुल्क, अतिरिक्त शुल्क आदि खुला तथा दूर सिकाइ कार्यक्रम व्यवस्थापन समिति र डिन कार्यालयको सिफारिसमा त्रिवि, कार्यकारी परिषद्ले निर्धारण गर्ने छ ।

### ६.२ संयोजकको पारिश्रमिक

कार्यक्रम संयोजकको लागि त्रिविको आर्थिक नियम बमोजिम सहायक डिन सरह भत्ता र साविक पद बमोजिमको तलव हुने छ ।

### ६.३ शिक्षकको पारिश्रमिक

आवश्यकता बमोजिम आंशिक शिक्षक तथा सूचना सञ्चार तथा प्राविधिज्ञको व्यवस्था गरी त्रिविको नियम अनुसार पारिश्रमिकको व्यवस्था गर्ने ।

त्रिभुवन विश्वविद्यालय

### ६.४ लेखा र लेखा परीक्षण

कार्यक्रमको लेखा तथा लेखा परीक्षण त्रिविको नियम बमोजिम हुने छ ।

## परिच्छेद ७

## विद्यार्थी भर्ना

### विद्यार्थी भर्नाको पूर्वाधार

शिक्षाशास्त्र सङ्काय, डिन कार्यालय परीक्षा महाशाखाद्वारा कार्यक्रम समेत उल्लेख गरी भर्ना सम्बन्धी विज्ञापन गर्ने छ । उक्त विज्ञापनमा एक महिना समय राखेर भर्ना मिति तोक्ने छ । सो अनुसार प्रवेश परीक्षा लिई साविक नियमित कार्यक्रकमका लागि निर्धारण गरिएका पूर्वाधारको आधारमा विद्यार्थीहरूलाई भर्ना लिइने छ ।  सो कार्यक्रममा भर्ना हुनका लागि विद्याथीहरू सूचना तथा सञ्चार प्रविधिमा कम्तीमा तपसिल बमोजिमका सिप परीक्षामा पास भएको हुनु पर्ने छ :

क) कम्प्युटरमा वर्ड टाइपिङ

ख) फाइल निर्माण र सेभ

ग) डाउन लोड तथा अप लोड

घ) इन्टरनेट चलाउने

ङ) इमेल चलाउने

## परिच्छेद ८

## संयोजक र शिक्षकको दायित्व

### ८.१ संयोजकको कार्य तथा दायित्व

क) कार्यक्रमको शैक्षिक तथा प्रशासनिक कार्य सञ्चालन गर्ने,

ख) डिन कार्यालयसित सम्बन्ध राखी विद्यार्थी भर्ना लिने र पठनपाठन सम्बन्धी कार्य योजना तथा तालिका बनाई सम्पर्क कक्षा, तथा दैनिक अनलाइन कक्षा सञ्चालन गराउने र परीक्षा सञ्चालन गर्ने,

ग) सम्पर्क कक्षा तथा अनलाइन कक्षा सञ्चालनका लागि डिन कार्यालय तथा सम्बद्ध निकायको नियम अनुसार आवश्यक शिक्षकहरू छान्न सहयोग गर्ने,

घ) शिक्षाशास्त्र सङ्कायका परीक्षा नियन्त्रण महाशाखाको संयोजनमा परीक्षा तथा तत्सम्बन्धी कार्य गर्ने,

ङ) सेमिनार, मौखिक परीक्षा, बाह्य परीक्षा आदिको व्यवस्था गर्ने,

च) कार्यक्रम अन्तर्गतका सम्पत्तिको सम्भार तथा सुरक्षा गर्ने,

छ) त्रिविका सम्बन्धित निकायले दिएका निर्देशन पालना गराउने,

## ८.२ शिक्षकहरूको कार्य र दायित्व

क) खुला तथा दूर सिकाइका प्रत्येक शिक्षकले शैक्षिक क्यालेन्डर बमोजिम आफूले शिक्षण गर्ने विषयको कार्य योजना तयार गरी सम्पर्क कक्षा र अन लाइन कक्षा सञ्चालन गर्ने छ ।

ख) आवश्यकता बमोजिम कार्यक्रम सुरु गर्नुअघि, भर्ना समयमा, कार्यक्रमको अवधिभर, परीक्षा अगाडि, कार्यक्रम समाप्त भएपछि विद्यार्थीहरूलाई आवश्यक सल्लाह तथा परामर्श प्रदान गर्ने छ ।

त्रिभुवन विश्वविद्यालय

# परिच्छेद ९

## कक्षा सञ्चालन विधि

### ९.१ सम्पर्क कक्षाको व्यवस्था

भर्नाको समय र अन्तिम परीक्षाको अगाडि प्रति सेमेस्टर २ पटक अनिवार्य सम्पर्क कक्षा सञ्चालन गर्ने ।

#### क) पहिलो सम्पर्क कक्षा

पहिलो सम्पर्क कक्षा सञ्चालन गर्नुपूर्व सम्बन्धित सबै शिक्षकहरूलाई सम्पर्क कक्षा तथा अनलाइन कक्षा सञ्चालन विधिबारे विज्ञहरूबाट एउटा तालिम कार्यक्रम सञ्चानन गर्ने छ, जसमा मूडल प्रयोग गर्ने, पासवर्ड दिने, लग इन गर्ने, सम्पर्क कक्षा तथा अनलाइन कक्षा सञ्चालन विधिबारे जानकारी गराउने, विद्यार्थीहरूको मूल्याङ्कन गर्ने आदि कार्यको छलफल गरिने छ । भर्ना भएका विद्यार्थीहरूका लागि पहिलो सम्पर्क कक्षा ५ दिनको हुने छ जसमा निम्न कुराबारे स्पष्ट गरिने छ :

- खुला तथा दूर शिक्षा सिकाइको प्रकृति तथा पद्धतिको परिचय
- पाठ्यक्रम प्रवोधिकरण
- शिक्षण पद्धतिको प्रयोग, स्वाध्ययन सामग्रीको प्रयोग, विद्यार्थीले गर्नुपर्ने कार्यहरू (assignments) र सङ्कन पकिया, आन्तरिक मूल्याङकन पद्धति प्रवोधिकरण
- सूचना, सञ्चार तथा प्रविधिको प्रयोग, इन्टरनेटको प्रयोग, अनलाइन कक्षा तालिका र त्यसको प्रयोग, इ-पुस्तकायलय र पुस्तकायलय प्रयोग प्रवोधिकरण
- विषयवस्तु अभिमुखीकरण

सम्पर्क कक्षाको समय आवश्यकता परेको खण्डमा केही थपघट गर्न सकिने छ । साथै क्रियाकलापहरू पनि आवश्यकता बमोजिम केही थपघट गर्न सकिने छ ।

#### ख) दोस्रो सम्पर्क कक्षा

दोस्रो सम्पर्क कक्षा पनि ५ दिनको हुने छ जसमा निम्न कुराबारे स्पष्ट गरिने छ :

- विद्यार्थीका कार्यहरू सङ्कलन, परीक्षण, पृष्ठपोषण तथा परामर्श
- विद्यार्थीहरू अध्ययन गर्दा देखिएका समस्याको पहिचान, समस्याको आधारमा विषयवस्तुमा निर्देशन तथा परामर्श
- विषयवस्तु अभिमुखीकरण

### ९.२ अनलाइन कक्षा सञ्चालन विधि

खुला तथा दूर सिकाइ कक्षा हाल सो कार्यक्रम सञ्चालन भइरहेका क्याम्पसहरू सबैले शाखा केन्द्रका रूपमा वा त्रिवि, शिक्षाशास्त्र सङ्काय, डिन कार्यालय वा यस अन्तर्गतका कुनै भौतिक पूर्वाधारले सक्षम आङ्गिक क्याम्पसबाट केन्द्रीकृत रूपमा संचालन गर्ने छ । आवश्यकता र अवस्था अनुसार खुला तथा दूर सिकाइ कार्यक्रम अनलाइन र सम्पर्क कक्षा मिश्रित (blended) पनि सञ्चालन गर्न सकिने छ । सम्पर्क कक्षाहरू हाल एमएड तहमा खुला तथा दूर सिकाइ कार्यक्रम सञ्चालन गरिरहेका क्याम्पसहरूले गर्न सक्ने छन् ।

### ९.३ कार्यक्रमको अवधि

#### क) एक बर्से स्नातक तथा स्नातकोत्तर

एक बर्से स्नातक तथा स्नातकोत्तर तहको खुला तथा दूर सिकाइको अवधि दुई दुई सेमेस्टर भनिए तापनि सेवामा संलग्न रहेका व्यक्ति वा शिक्षकहरूको समयलाई ध्यानमा राखी सो अवधि बढाउन सकिने छ। तर सबै पाठ्यांशहरु त्रिविले नियमित कार्यक्रमका लागि तोकिएको समयभित्र पुरा भएको हुनु पर्दछ। प्रत्येक सेमेस्टरको अवधि ६ महिनाको हुने छ। त्यसै गरी सेवामा संलग्न भएका कर्मचारी वा शिक्षकहरूको समयलाई ध्यानमा राखी एक वर्से स्नातक र एक वर्से स्नातकोत्तरको अवधि ५ वर्षसम्म र २ बर्से स्नातकोत्तरको अवधि ६ वर्षसम्म राख्न सकिने छ तर सबै पाठ्यांशहरू त्रिविले नियमित कार्यक्रमका लागि तोकिएको समयभित्र पुरा भएको हुनु पर्दछ।

**पुनश्चः**

*(पहिलो चरणमा पाइलटिंगको रुपमा चलेको ३ वर्से स्नातकोत्तर कार्यक्रमको अवधि समाप्त भइसकेको र सो कार्यक्रममा संलग्न विद्यार्थीहरूको पनि नियमित कार्यक्रमका लागि तोकिएको अवधिभित्र पुरा भएको हुनु पर्ने छ। सो ३ वर्से कार्यक्रमको को सट्टामा नियमित स्नाकोत्तर जस्तै २ वर्से कार्यक्रम संचालन भइसकेको छ।)*

## परिच्छेद १०

## मूल्याङ्कन तथा परीक्षा प्रकिया

विद्यार्थीहरूको मूल्याङ्कन आन्तरिक तथा बाह्य परीक्षाको आधारमा गरिने छ। एक बर्से स्नातक, एक वर्से स्नातकोत्तर तथा दुई बर्से स्नातकोत्तर तह सबैको आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत र बाह्य मूल्याङ्कनको लागि ६० प्रतिशत अङ्क छुट्याइने छ ।

### १०.१ आन्तरिक मूल्याङ्कन

विद्यार्थीहरूको उपलब्धि पहिचान गर्न, आवश्यक पृष्ठपोषण प्रदान गर्न तथा परामर्श दिन लगातार आन्तरिक मूल्याङ्कन गर्ने प्रक्रिया अपनाइने छ। सबै शिक्षकले प्रत्येक विषयमा हरेक सेमेस्टरमा निर्धारित समयमा परीक्षा लिने र समयमा गृहकार्य वा प्रोजेक्ट कार्य सङ्कलन गर्नुका साथै पृष्ठपोषण तथा परामर्श दिनुपर्छ। आन्तरिक मूल्याङ्कनको अङ्क विभाजन तपसिल बमोजिम हुने छ :

**तालिका १**

**आन्तरिक मूल्याङ्कन**

| S.N. | Description | Amount | Percent |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 1 | Attendance | 80% | 5 |
| 2 | Quiz | | 5 |
| 3 | Discussion | | 5 |
| 4 | Peer work | | 5 |
| 5 | Online test | | 10 |
| 6 | Assignment | | 10 |
| | **Total** | | **40** |

### १०.२ बाह्य परीक्षा (सेमेस्टर वा अन्तिम परीक्षा)

विद्यार्थीहरूको बाह्य मूल्याङ्कन सेमेस्टर परीक्षाको आधारमा ६० प्रतिशतको परीक्षा हुने छ। सेमेस्टर परीक्षाको अवधि ३ घण्टाको हुने छ । प्रयोगात्मक परीक्षा आन्तरिक परीक्षक र डिन कार्यालयबाट खटाइएको बाह्य परीक्षकद्वारा हुने छ । सैद्धान्तिक विषयको प्रश्न तथा अङ्क तालिका **२ मा देखाइए अनुसार हुने छ ।**

**तालिका २.**

**अन्तिम परीक्षाका लागि प्रश्नका किसिम तथा अङक**

| समूह | प्रश्न समूह | सङ्ख्या | अङ्क | प्रतिशत |
|---|---|---|---|---|
| क | बहु वैकल्पिक | १० | १० | १० |
| ख | छोटो | ६ (अथवा २ प्रश्न) | ५ | ३० |
| ग | लामो | २ (अथवा १ प्रश्न) | १० | २० |
| | | | **जम्मा** | ६० |

प्रयोगात्मक परीक्षा संचालन, बाह्य परीक्षकको नियुक्ती र भत्ता तथा पारिश्रमिकको हकमा नियमित कार्यक्रम कै नियम लागु गरिने छ ।

### १०.३ प्रश्न निर्माण तथा परिमार्जन

शिक्षकहरूले विशिष्टीकरण तालिका बनाई प्रश्न पत्रहरू निर्माण गरी परीक्षा शाखामा पेस गरिएको प्रश्न पत्रहरू स्कुटनिङ बोर्डका विज्ञहरूबाट परिमार्जन गरिने छ। प्रश्न पत्र निर्माण, परिमार्जन, परीक्षा सञ्चालन, बाह्य परीक्षा, उत्तर पुस्तिका परीक्षण, संपरीक्षण तथा परीक्षाफल प्रकाशन सम्बन्धी कार्यहरू शिक्षाशास्त्र सङकाय, डिन कार्यालय परीक्षा महाशाखाद्वारा सञ्चालन गरिने छ ।

## परिच्छेद ११

## शैक्षिक उपाधि प्रदान

शिक्षाशास्त्र सङ्काय डिन कार्यालयले परीक्षा महाशाखाले विद्यार्थीहरूको आन्तरिक तथा अन्तिम परीक्षाको प्राप्ताङ्कलाई ग्रेडमा परिणत गरी त्रिवि केन्द्रीय परीक्षा नियन्त्रकको कार्यालयमा पठाउने छ र सो केन्द्रले नियमित रूपमा अध्ययन गर्ने विद्यार्थीहरूलाई जस्तै एक बर्से स्नातक, एक बर्से स्नातकोत्तर र तिन वर्से वा दुई बर्से स्नातकोत्तरका तहका मार्कसिट र ट्रान्सिक्रिप्ट प्रमाण पत्र वितरण गर्ने छ। यसका साथै नियमित रूपमा अध्ययन पुरा गर्ने विद्यार्थीलाई जस्तै त्रिविले दीक्षान्त कार्यक्रमा समावेश गरी प्रमाणपत्र प्रदान गर्ने छ।

## परिच्छेद १२

## अनुगमन तथा मूल्याङ्कन

कार्यक्रमको गुणस्तर, लगानी, प्रशासनिक व्यवस्था, मानव तथा भौतिक स्रोत, आर्थिक मितव्ययिता, कार्यक्रम पद्धति तथा उपलब्धिहरूको मूल्याङ्कन तथा अनुगमन गर्न डिन कार्यालयले समय समयमा कार्यक्रमका विज्ञहरूलाई त्रिविको नियम बमोजिम दैनिक तथा यातायात भत्ताको व्यवस्था गरी निरीक्षण तथा अनुगमन कार्यमा खटाइने छ र मूल्याङ्कन प्रतिवेदनको आधारमा आवश्यक बमोजिम कार्यक्रमको संशोधन तथा परिमार्जन तथा सुधार गर्दै लगिने छ।

त्रिभुवन विश्वविद्यालय